# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, पुस ५ गते, २०७८ साल (संख्या ३५


## भाग ३

नेपाल सरकार

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको

### सूचना १

### रेडियो सञ्चार (लाइसेन्स) (पाँचौं संशोधन) नियमावली, २०७८

रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

रेडियो ऐन, २०१४ को दफा १० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "रेडियो सञ्चार (लाइसेन्स) (पाँचौं संशोधन) नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **रेडियो सञ्चार (लाइसेन्स) नियमावली २०४९ को नियम १० मा संशोधनः** रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को नियम १० को उपनियम (३) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर आफैंले कार्यक्रम उत्पादन गरी भू-सतही, भू-उपग्रह वा केबुलको माध्यमबाट प्रसारण गर्ने टेलिभिजन च्यानल वा एफ.एम. रेडियो र सो अन्तर्गत प्रयोग हुने सम्पूर्ण प्रकारका लिङ्क तथा रिसिभर जस्ता लाइसेन्सको संवत् २०७८ साल असार मसान्तसम्म नवीकरण गरेको भए त्यस्तो संस्था वा व्यक्तिले आर्थिक वर्ष २०७८/७९ को लागि लाग्ने नवीकरण दस्तुरमा पूर्ण छुट पाउनेछ।"

## सूचना -२

## चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (सातौं संशोधन) नियमावली, २०७८

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यी नियमहरुको नाम "चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (सातौं संशोधन) नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम १० मा संशोधन</u>**: चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम १० को उपनियम (३) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर संवत् २०७८ साल असार मसान्तसम्म इजाजतपत्र नवीकरण भएका प्रदर्शकले आर्थिक वर्ष २०७८/७९ मा लाग्ने इजाजतपत्रको नवीकरण दस्तुरमा पूर्ण छुट पाउनेछ ।"

**आज्ञाले,**
**बैकुण्ठ अर्याल**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।